रामग्राम नगरपालिका

# स्थानीय राजपत्र

खण्ड ४ रामग्राम, कार्तिक १५ गते, २०७८ साल संख्या १४

## भाग-२

## महिला बालबालिका कोष सञ्चालन कार्यविधी, २०७८

नगर कार्यपालिकाबाट स्वीकृत मिति २०७८/०७/१५

**प्रस्तावना :** विशेष संरक्षणको आवश्यकता भएका महिला बालबालिकाको उद्दार, अस्थायी संरक्षण, स्वास्थ्य उपचार, मनोसामाजिक सहयोग, पारिवारिक पुनर्मिलन तथा पुनर्स्थापना गराउनका लागि एक कोष स्थापना गर्न आवश्यक भएकाले बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ६३ को उपदफा ४ र रामग्राम नगरपालिका प्रशासकीय कार्यविधी नियमित गर्ने ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी रामग्राम नगरपालिकाले यो कार्यविधी बनाएको छ ।

**१. कोषको नाम र प्रारम्भ :**

(क) यस कोषको नाम “रामग्राम नगरपालिका महिला बालबालिका कोष सञ्चालन कार्यविधी, २०७८” रहेको छ।

(ख) यो कार्यविधी कार्यपालिकाको बैठकबाट पारित भएपश्चात प्रारम्भ हुनेछ ।

**२. परिभाषा :**

(क) “ऐन” भन्नाले सघीय संसदले बनाएको बालबालिका सम्बन्धी ऐन, २०७५ सम्झनुपर्दछ ।

(ख) “विशेष संरक्षणको आवश्यकता भएका महिला बालबालिका” भन्नाले दफा ३ बमोजिमका महिला, बालबालिका सम्झनुपर्दछ ।

(ग) “कोष” भन्नाले दफा ४ बमोजिमको महिला बालबालिका कोष सम्झनु पर्दछ ।

(घ) “समिति” भन्नाले दफा ७ बमोजिम गठित कोष सञ्चालक समिति सम्झनु पर्दछ ।

(ङ) “कार्यविधी” भन्नाले रामग्राम नगरपालिका महिला बालबालिका कोष सञ्चालन कार्यविधी २०७८ भन्ने सम्झनु पर्दछ ।

(च) “नगरपालिका” भन्नाले रामग्राम नगरपालिका भन्ने सम्झनु पर्दछ ।

**३. विशेष संरक्षणको आवश्यकता भएका महिला बालबालिका :** विशेष संरक्षणको आवश्यकता भएका महिला बालबालिका अर्न्तगत निम्न महिला बालबालिका पर्दछन् ।

(क)हराएको वा वेवारिसे अवस्थामा फेला परेका महिला बालबालिका,

(ख)जोखिमपूर्ण श्रममा संलग्न रहेका महिला बालबालिका,

(ग)ऋणको कारणले बन्धकमा रहेको वा जबरजस्ति श्रममा लगाई पिडित भएका महिला बालबालिका,

(घ)शारीरिक वा मानसिक यातना वा भेदभाव जस्ता पिडित महिला बालबालिका,

(ङ)दुर्घटनामा परेका वा प्राकृतिक वा दैवि प्रकोपमा परेका महिला बालबालिका,
(च)बाबु वा आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसुरसँग सम्बन्धित रहेको कारणले बेवारिसे भएका महिला बालबालिका ,
(छ)यौनशोषण, यौन दुर्व्येवहार, बेचबिखन वा ओसारपसारमा परेका महिला बालबालिका,
(ज)हिंसाबाट प्रभावित एंव पिडित भएका महिला बालबालिका,
(झ)बाबुआमा वा आफन्तजनको संरक्षणबाट बंचित भएका महिला बालबालिका,
(ञ)अपांगता भएका  महिला बालबालिका,
(ट)सुस्त मनस्थिती भएका महिला बालबालिका,
(ठ)अपहरण वा शरिर बन्धकमा परेका महिला बालबालिका,
(ड)सडक महिला बालबालिका
(ढ)एच.आई.भि. एड्स संक्रमित भएका महिला बालबालिका,
(ण)नगर कार्यपालिकाले विशेष संरक्षण आवश्यकता भएका महिला बालबालिका भनी तोकिदिएका अन्य महिला बालबालिका सम्झनुपर्नेछ ।

**४. कोषको स्थापना :**
(१) नगरपालिका क्षेत्रभित्र विशेष संरक्षणका आवश्यकता भएका महिला बालबालिकालाई उद्दार, अस्थायी संरक्षण, स्वास्थ्य उपचार, मनोसामाजिक सहयोग, पारिवारिक पुनर्मिलन तथा  पुनर्स्थापना गराउने काम समेतका लागि एक महिला बालबालिका कोषको स्थापना गरिएको छ ।
(२)कोषमा देहाय बमोजिमको रकमहरु रहनेछन् ।
(क)संघीय, प्रदेश तथा स्थानीय सरकार बाट प्राप्त रकम,
(ख विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ संस्था वा व्यक्तिबाट प्राप्त रकम,
(ग)स्वदेशी संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,
(घ) अन्य कुनै श्रोतबाट प्राप्त रकम ।
(३) दफा (२) को खण्ड (ख) बमोजिम रकम प्राप्त गर्न प्रचलित कानून बमोजिम स्वीकृति लिइनेछ ।
(४) कोषले आफ्ना उद्देश्यसँग मेल खाने संघीय, प्रदेश र स्थानीय सरकारले सञ्चालन गर्ने महिला बाल हेल्पलाईन जस्ता कार्यक्रमसँग समन्वय गरी क्रियाकलाप सञ्चालन गर्नेछ ।

**५. कोषको उपयोग :** कोषको रकम देहायको कामको लागि उपयोग गरिनेछः-
(क)विशेष संरक्षणको आवश्यकता भएका महिला बालबालिकाको पहिचान गर्न,
(ख)विशेष संरक्षणको आवश्यकता भएका महिला बालबालिकाको उद्धार गर्न,
(ग)विशेष संरक्षणको आवश्यकता भएका महिला बालबालिकाको अस्थायी संरक्षण गर्न,
(घ)विशेष संरक्षणको आवश्यकता भएका महिला बालबालिकाको स्वास्थ्य उपचार तथा मनोसामाजिक सहयोग गर्न,
(ङ)विशेष संरक्षणको आवश्यकता भएका महिला बालबालिकाका परिवार खोजी गरी पुनर्मिलन तथा पुनर्स्थापना गर्न,
(च)खण्ड (क) देखि (ङ) मा उल्लेखित कार्यसँग सम्बन्धित अन्य आवश्यक  कार्य गर्न ।

**६. कोषको रकम उपयोग गर्न नपाइने :** सञ्चालक समितिको बैठक भत्ता, खाजा, भ्रमण मसलन्द,छपाई, पत्रपत्रिका, विज्ञापन लगायतका कुनै पनि प्रशासनिक कार्यका निमित्त कोषको रकम खर्च गर्न पाइने छैन । तर दफा ५ बमोजिमको कार्य सम्पादन गर्न लाग्ने यातायातको प्रयोग लगायतका अत्यावश्यकीय कार्यमा रकम खर्च गर्न यस नियमले बाधा पुरुयाएको मानिने छैन ।

**७. समितिको गठन :**

(१)कोषको सञ्चालन तथा व्यवस्थापन गर्ने कामका लागि एक कोष सञ्चालन समति रहनेछ

(२) समितिको गठन देहाय बमोजिम हुनेछ ।

| | |
|---|---|
| (क)नगर प्रमुख | अध्यक्ष |
| (ख)नगर उप प्रमुख | सदस्य |
| (ग)प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (घ)सामाजिक समितिको संयोजक | सदस्य |
| (ड.)सामाजिक विकास महाशाखाको प्रमुख | सदस्य |
| (च)आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| (छ)महिला बालबालिका तथा सामाजिक समावेशीकरण उप शाखा प्रमुख | सदस्य सचिव |

**८. समितिको काम, कर्तव्य, अधिकार :** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क)कोष बृद्धिको लागि स्रोतको खोजी गर्ने, आवश्यक रचनात्मक तथा प्रवर्द्धनात्मक क्रियाकलापहरु सञ्चालन गर्ने,

(ख)कोषको रकमको संरक्षण गर्ने,

(ग)दफा ४ बमोजिम कोषमा रकम जम्मा गर्ने ।

(घ)दफा ४ बमोजिम कोषको रकम उपयोग गर्ने ।

(ङ)तत्काल खर्च नहुने कोषको रकम कोषमा नै मौज्दात राख्ने वा अन्य क्षेत्रमा लगानी गर्ने सम्बन्धी मापदण्ड बनाई लागु गर्ने ।

(च)विशेष संरक्षणका आवश्यकता भएका महिला बालबालिकाका क्षेत्रमा काम गरिरहेका वा गर्न इच्छुक संघ, संस्था वा व्यक्तिसँग समन्वय गर्ने,

(छ)विशेष संरक्षणका आवश्यकता भएका महिला बालबालिकाको संरक्षणको निम्ति आवश्यक अन्य उपयुक्त कार्य गर्ने, गराउने ।

(ज)कोषको आय व्ययको विवरण, लेखा परीक्षण प्रतिवेदन वार्षिक रुपमा कार्यपालिका बैठकमा पेश गर्ने,

(झ)समितिबाट गरिने कार्यक्रमको अनुगमन गर्ने वा गराउने,

**९. समितिको बैठक र निर्णय :**

(१)कोष व्यवस्थापन तथा सञ्चालक समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२)समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३)समितिको बैठक बस्नु भन्दा कम्तिमा २४ घण्टा अगाडि समितिको सदस्य सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सबै सदस्यहरुलाई दिनुपर्नेछ ।

**१०.सहयोग सम्बन्धी मापदण्ड :**

(१)नगरपालिका भित्र विशेष संरक्षणको आवश्यकता भएको महिला बालबालिका छ भनी कसैले समिति समक्ष निवेदन दिन वा लिखित वा मौखिक रुपमा जानकारी गराउन सक्नेछन् ।

(२)उपदफा (१) बमोजिम जानकारी प्राप्त भएपछि सदस्य सचिवले आवश्यक सोधपुछ गरी यथार्थ विवरण पत्ता लगाउने छन् ।

(३)उपदफा (२) बमोजिमको प्रक्रिया पछि विशेष संरक्षणको आवश्यकता भएको महिला बालबालिकालाई सहयोग आवश्यक छ भन्ने लागेमा तत्काल उद्धार गर्नु परेमा समितिका अध्यक्षसँग समन्वय गरी उद्धारको कार्य गर्नु पर्नेछ

(४)विशेष संरक्षणको आवश्यकता भएका महिला बालबालिकाको निमित्त आवश्यक व्यवस्थापन गर्ने सम्बन्धमा समितिको बैठक बोलाई निर्णयानुसार गर्नुपर्नेछ । सहयोग गर्नुपर्ने रकम संभव भएसम्म चेकमार्फत रकम भुक्तानी दिनुपर्नेछ ।

(५)कोषबाट सामान्यतः एक जनालाई एक पटक सहयोग गरिनेछ । तर, विशेष स्थितिमा समितिको निर्णयले थप दुई पटकसम्म सहयोग गर्न सकिने छ ।
(६)विशेष संरक्षणको आवश्यकता भएका महिला बालबालिकालाई तत्काल उद्धार, संरक्षण वाउपचार नगरेमा मानवीय क्षति वा गम्भीर परिणाम हुने देखिएमा नगर प्रमुखले कोषबाट तत्काल सम्बन्धित महिला बालबालिकाको निमित्त पन्ध्र हजार रुपैयाँ उपलब्ध गराउन सक्नेछन् ।
(७) उपनियम (६) बमोजिम बालबालिकालाई रकम उपलब्ध गराइएकोमा त्यसरी रकम उपलब्ध गराइए पछि बस्ने समितिको बैठकबाट सो खर्चको अनुमोदन गराउनु पर्नेछ ।
(८)समितिले विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको उद्दार, अस्थायी संरक्षण, स्वास्थ्य उपचार, मनोसामाजिक सहयोग, पारिवारिक पुनर्मिलनका निमित्त आर्थिक सहयोग बाहेकका अन्य कार्यक्रमका निमित्त अलग्गै मापदण्ड बनाउन सक्नेछ ।

**११. खाताको सञ्चालन :**
(१) कोषको रकम समितिले कुनै वाणिज्य बैकमा खाता खोली जम्मा गर्नुपर्नेछ ।
(२) बैंक खाताको सञ्चालन प्रमुख प्रशासकिय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

**१२. कोषको लेखा र लेखा परिक्षण** :
(१) कोषको आय व्ययको लेखा नगरपालिकाले अपनाएको नियमबमोजिम राखिनेछ ।
(२) कोषको आय तथा व्ययको लेखापरीक्षण नगरपालिकाले बनाएको नियम बमोजिम हुनेछ ।

**१३. रकम फ्रिज नहुने :** प्रचलित कानूनमा जेसुकै लेखिएको भएपनि कोषको रकम आर्थिक वर्षको अन्त्यसम्म खर्च नभइ बाँकी रहेमा पनि फ्रिज हुनेछैन ।

**१४. प्रतिवेदन प्रकाशन गर्नुपर्ने :** (१) समितिले आफूले गरेको कामको प्रतिवेदन वार्षिक रुपमा नगर_कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ ।
(२) उपदफा (१) बमोजिमको प्रतिवेदन नगर कार्यपालिकाले वार्षिक रुपमा सार्वजनिक गर्नुपर्नेछ ।

**१५. कोषको सचिवालय :** कोषको सचिवालय नगर कार्यपालिकाको सामाजिक विकास महाशाखामा अन्रगत महिला वालवालिका तथा सामाजिक समावेसीकरण उपशाखा रहनेछ ।

**१६. अभिलेख राख्ने :** समितिले आफुले गरेको काम कारबाहीहरुको अभिलेख सचिवालय मार्फत दुरुस्त राख्नु पर्नेछ ।

**१७. संशोधन, स्वतः निष्कृय तथा खारेजी :**
(१) नगरपालिका कार्यपालिकाले आवश्यक ठानेमा यो कार्यविधी संशोधन गर्न सक्नेछ ।
(२) यस कार्यविधिमा लेखिएका प्रावधान प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछन।
(३) यस कार्यविधिको कार्यान्वयनको क्रममा कुनै द्विविधा भएमा वा समस्या आइपरेमामा कार्यपालिकाको निर्णयानुसार हुनेछ ।

प्रमाणीकरण मितिः २०७८/०७/१५

आज्ञाले
रुद्र प्रसाद रेग्मी
नि.प्रमुख प्रशासकीय अधिकृत